# बिश्राम

यो आकाश, यो धर्ती, यो माटो, यी परिश्रम गर्ने हातहरु । शरीरमा प्राण भए सम्मको हाम्रो बल र प्रयासहरुले गर्ने कामहरु । अनि बितेर जाने शरीरको हाम्रो क्षण भरको यात्रा । मानिसको यो संसार, यस्तै यस्तैको भुमरिमा अल्झेर बित्ने एकै मात्रको जीवन हो । जहाँ कडा परिश्रम र मेहनतले थाकेकाहरु र आत्मा अनि हृदयमा बोझ भएकाहरु र चिन्तित मनहरुका लागी पनि आज खाँचो छ ।।।। **विश्राम**

सुर्य उदय देखि सुर्यास्तसम्म धेरै मानिसहरु यस संसारमा व्यस्त रहन्छन् । कोही धेरै काम भएर व्यस्त छन् त कोही कामै नभएर ।

परिश्रम र मेहनत मानिसको पसिना हो । त्यही पसिनाको चुवहात बाट उसले एउटा सुन्दर सपना देखेको हुन्छ । अर्थात उसले असल भविष्य देखेको हुन्छ ।

उसो भए के सबै पसिना अर्थ पुर्ण र मुल्यवन हुन सक्छन् त?

संसारले त भन्छ अझै परिश्रम गर, मेहनत गर अनि पसिना बगा । मानिसहरु यति धेरै मेहनत गदर्छन् की उसलाई सास फेर्न समेत फुर्सद हुदैन । उ सोच्दछ की दिन दुई गुना भए र रात एक गुना भए म अझै बढी कमाउँथे । म धनि हुन्थे । म आरामदायी जीवन बिताउँथे । र त्यो जीवन कति सुन्दर हुन्थियो होला । आर्को थरी मानिस, जसलाई दिन कात्न पनि गाह्रो छ कुनै काम बिना । वस्तावमै यहाँ यी दुबै थरी मानिसहरु थकित देखिन्छन् ।

मानिसहरु आफ्नो इच्छा प्राप्तीको लागी भरमग्दुर प्रयत्न गरि रहेका छन् । आत्माको सन्तुषतीको लागी अझ धेरै परिश्रम र मेहनत गरिरहेका छन् । यहाँ जीवनको साँचो अर्थ पाउनलाई मानिसहरु यता उता भौतारिरहेका छन् । कोही मानिसहरु झुटा सपनाहरु देखिरहेका छन् भने, कोही मानिसहरु झुटा सपनाहरु देखाईरहेका छन् । जसको कारणले आज यीनै मानिसहरु बिल्कुलै थकित भएका छन् । मानिसहरु खुशीको सट्टामा हतास र निरास भैरहेका छन् ।
वास्तबिक बिश्राम वीना मानिसहरु अझ उदास भएका छन् ।

के तपाईको जीवनमा विश्राम छ ? यदि तपाई पनि थकित र निरास हुनु हुन्छ भने ? तपाईको निम्ति एउटा स्थान छ । जहाँ तपाईले वास्तबिक विश्राम पाउन सक्नु हुनेछ ।

त्यसैले, येशुले यस्तो भन्नु हुन्छ । “हे मेहनत गर्ने र बोझले दबेकाहरु हो म कहाँ आओ र म तिमीहरुलाई बिश्राम दिनेछु । मेरो जुवा आफुमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरुले आफ्ना आत्मामा विश्राम पाउनेछौ । किनकी मेरो जुवा सजिलो छ, र मेरो भारी हलुका छ ।”

तपाईहरु पनि यदि साँच्चिकै विश्राम चाहनु हुन्छ भने येशू कहाँ आउनुहोस् । र उहाँले दिनुहुने यो विश्राममा सहभागि हुनुहोस् । यी मानिसहरुलाई झै तपाईलाई पनि विश्रामको खाँचो छ ।